टीकापुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- प्रशासन शाखा २०८२/०८३

चलानी नं. - १२८९

मिति :- २०८२।०८।१६

ने.स.११४५

ईन्जिनियर श्री राजेन्द्र रावल,

(अधिकृत आठौं)

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

टीकापुर, कैलाली ।

विषयः- अधिकार प्रत्यायोजन सम्बन्धमा ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (५) र सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २२ को उपदफा (१) बमोजिम तपाईलाई कार्यालय प्रमुखको सामान्य रेखदेखमा रही कार्य सम्पादन गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतमा निहित अधिकारहरु मध्ये देहाय बमोजिमको अधिकार प्रत्यायोजन गरेको छु। सुशासन (व्यवस्थापन तथा संचालन)ऐन, २०६४ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियामावली, २०६५ र प्रचलित कानूनको अधिनमा रही तोकिएको कार्य, जिम्मेवारी तथा उत्तरदायित्व पुरा गर्नुहुन समेत जानकारी गराईन्छ ।

देहायः

१.योजना, अनुगमन तथा मुल्याकंन शाखाको शाखा प्रमुख भै कार्य गर्ने,

२.नगर स्तरीय सम्पन्न भएका योजनाको भुक्तानीका लागी प्रशासनिक कार्यहरुको भुक्तनी प्रकृया पुरा गरी आर्थिक प्रशासन शाखामा पेश गर्ने,

३.योजना अनुगमनसंग सम्बन्धीत विषयमा प्रदेश र संघ सरकार संग समन्वय गर्ने,

४.योजनासँग सम्बन्धित विषयमा निर्णयानुसार पत्राचार गर्ने ।

५.मासिक/त्रैमासिक रुपमा आफ्नो शाखाको कार्यक्षेत्रको प्रगति विवरण कार्यालयमा पेश गर्ने र वार्षिक प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत बमोजिम कार्यपालिकामा पेश गर्ने।

६.आ.व.२०८२।०८३ को नगरसभाबाट स्वीकृत भौतिक पूर्वाधार सम्बन्धित आफ्नो क्षेत्राधिकार भित्रका योजनाहरुको स्वीकृत नर्म्सका आधारमा तयार लागत अनुमान, नापी किताब, रनिङ बिल, कार्यसम्पन्न प्रतिवेदन लगायतका सबै प्राबिधिक कार्यहरुको प्रतिवेदन प्रमाणित गर्ने ।

७.शाखासँग सम्बन्धित आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सञ्चालन भएका कार्यक्रमहरु सम्बन्धित विवरणहरु अनुगमन गर्ने, गराउने, विवरणहरु रुजु गर्ने, प्रमाणित गर्ने र निकासाको लागि सिफारिस गर्ने,

८.सम्बन्धित वडामा रहेका संघीय समपुरक, विशेष तथा वडा स्तरीय गद्रभका आयोजना बाहेकका केन्द्रस्तरीय आयोजनासँग सम्बन्धित सम्पुर्ण कार्य गर्ने,

९.नगरपालिकावाट हुने खरिद कार्यसँग सम्बन्धीत ठेक्का प्रक्रियामा प्राविधिक सहयोग गर्ने,

OIC

१६/८/२०८२

प्रमुख प्रशासकीय अधिकृत

१०.प्रचलित कानुनको अधिनमा रही कार्यालयको उद्देश्य पुरा हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तोकेको र अन्य तोकिएका कार्यहरु सम्पादन गर्ने।

माथि तोकिएका कार्यहरुका सम्बन्धमा प्रचलित कानून अनुसार आवश्यक कागजात तथा रित पुऱ्याँई, पुर्णरुपमा जवाफदेही र जिम्मेवार हुनेगरी, कार्य गर्नुहुन जानकारी गराईन्छ।

(सुमन घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ/अवगतार्थः

श्रीमान् नगर प्रमुखज्यू, टीकापुर नगरपालिका (जानकारीको लागि) ।

टीकापुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- प्रशासन शाखा २०८२/०८३

चलानी नं. - १२५०

मिति :- २०८२।०८।१६

ने.स.११४५

अधिकृत श्री नन्द वहादुर के.सी.
(अधिकृत छैटौं)
टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
टीकापुर, कैलाली ।

विषय: अधिकार प्रत्यायोजन सम्बन्धमा ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफ ८४ को उपदफा(५), निजामती सेवा ऐन, २०४९ को दफा ७२, निजामती सेवा निययमावली, २०५० को नियम १३५ र सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफ २२ को उपदफा (१) बमोजिम तपाईलाई कार्यालय प्रमुखको सामान्य रेखदेखमा रही कार्य सम्पादन गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतमा निहित अधिकारहरु मध्ये तपशिल बमोजिमको अधिकार प्रत्यायोजन गरेको छु । सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ र प्रचलित कानूनको अधिनमा रही तोकिएको कार्य, जिम्मेवारी तथा उत्तरदायित्व पुरा गर्नुहुन समेत जानकारी गराईन्छ।

देहाय:

०१.टी.न.पा.अन्तर्गत बुझ्ने राजस्व संकलन तथा रसिद जारी सम्बन्धी कार्य गर्ने,
०२. राजस्वको मासिक हिसाब किताब राख्ने सम्बन्धी कार्य गर्ने,
०३. नगदी रसिदको दैनिक प्रतिवेदन विवरण सम्बन्धी अभिलेख व्यवस्थापन गर्ने,
०४. दाखिला राजस्व संकलन सम्बन्धी समन्वय कार्य गर्ने,
०५. सम्पत्ति कर र मालपोत कर सम्बन्धी समन्वय गर्ने,
०६. शाखागत अभिलेख व्यवस्थापन गर्ने,
०७. सेवाग्राही गुनासो व्यवस्थापन गर्ने,
०८. आन्तरिक आय बढ्दो व्यवस्थापन सम्बन्धी कार्यक्रम सहयोग (बोलपत्र सम्बन्धी कागजात/मूल्यांकन र सम्झौता सम्बन्धी कागजातहरूको समन्वय) गर्ने,
०९. राजस्व चुहावट नियन्त्रण, राजस्वको दायरा विस्तार, राजस्व प्रशासन सुधारका लागि स्थलगत अनुगमन/मूल्यांकन सम्बन्धी कार्यमा सहयोग गर्ने,
१०. राजस्व शाखाका कार्यक्रम सञ्चालन गर्ने,
११. नगर प्रमुख, प्रमुख प्रशासनिक अधिकृत, सम्बन्धित समितिहरूसँग शाखागत रिपोर्टिङ्ग सम्बन्धी कार्य गर्ने,
१२. राजस्व परामर्श समिति र कार्यपालिकाबाट आउने राजस्व शाखा सम्बन्धी प्रस्तावको तयारी सम्बन्धी कार्य गर्ने,
१३. आन्तरिक राजस्व अभिवृद्धि लागि सम्भाव्यता अध्ययन र नयाँ स्रोतको पहिचान सम्बन्धी कार्य गर्ने,

१६/८/२०८२

प्रमुख प्रशासकीय अधिकृत

8CC

१४. राजस्व चुहावट नियन्त्रण, राजस्व दायरा विस्तार, राजस्व प्रशासन सुधारका लागि स्थलगत अनुगमन/मूल्यांकन/ निर्देशिका तयारी सम्बन्धी कार्य गर्ने,

१५.शाखामा कार्यरत मातहतका कर्मचारीहरुको विदा, काज सिफारिस गर्ने र मातहतका कर्मचारीलाई जिम्मेवारी वाडफाड गरी काम लगाउन,

१६. राजस्व व्यवस्थापन नीतिगत तयारी सम्बन्धि कार्य गर्ने,

..........

(सुमन घिताल)

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ/अवगतार्थ:

श्रीमान् प्रमुखज्यु, टीकापुर नगरपालिका : जानकारीको लागि ।

श्री आर्थिक प्रशासन शाखा, टीकापुर नगरपालिका ।

श्री योजना शाखा, टीकापुर नगरापालिका ।

श्री सबै शाखा, उप शाखा, वडा कार्यालय सबै, टीकापुर नगरपालिका ।